# उत्तरगया गाउँपालिका गाउँसभाको बैठकमा गाउँपालिका उपाध्यक्ष श्री चमेली गुरुङद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

२०८२ साल असार ६ गते

# <u>आ.व २०८२/०८३ को बजेट वक्तव्य</u>

सभाका अध्यक्ष महोदय, गाउँसभा सदस्यज्यूहरु, गाउँ कार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुखज्यूहरु, सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

सङ्घीय र प्रदेश सरकारले आ.व. २०८२/०८३ का लागि आ–आफ्नो कार्यक्रम तथा बजेट र योजना पेश गरिसकेकाले नेपालको संविधानको धारा (५९) को उपधारा (३) र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम स्थानीय सरकारको हैसियतले हामी आ.व.२०८२/०८३ को कार्यक्रम तथा बजेट र योजना पेश गर्ने चरणमा छौं। संविधान प्रदत्त हक अधिकार सहित गठित यस उत्तरगया गाउँपालिकाको आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय सभा समक्ष पेश गर्न प्रस्तुत भएको छु। यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा हक अधिकारको प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात तथा अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाइते र बेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

**सभाध्यक्ष महोदय,**

यस सभामा उत्तरगयाबासीको इच्छा र आवश्यकतालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व.२०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट र योजना यस सम्मानित सभा मार्फत समग्र उत्तरगया गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियान्ताहरु, शिक्षक, सम्पूर्ण कर्मचारी वर्ग, पत्रकार, तथा समाजसेवीहरुप्रति आभार व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौं योजना, उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजना, गाउँपालिकाको दोस्रो आवधिक योजना गाउँपालिकाको आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम, नेपाल सरकारको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य, बागमती प्रदेश सरकारको आ.व २०८२/०८३ को बजेट बक्तव्य र माननीय सदस्यहरुबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । उत्तरगया गाउँपालिकाको भूबनोट, विविधतायुक्त प्रकृति र समाज, आम नागरिकको इच्छा आकांक्षा र सीमित स्रोतको समन्यायिक वितरणसहितको आधारलाई आत्मसात् गरी " **समृद्ध उत्तरगया, सभ्य र खुसी उत्तरगयाबासी** "को सोच सहित तर्जुमा गरिएको यस बजेटले उत्तरगया गाउँपालिकाको सर्वाङ्गीण विकासमा नयाँ अध्यायको थालनी गर्नेछ भन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आगामी कार्यदिशा स्पष्ट हुने गरी बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क.** कृषि क्षेत्रको व्यवसायीकरण र औद्योगिकरण मार्फत प्रतिस्पर्धी कृषि उत्पादन प्रवर्द्धन गर्ने,

**ख.** गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच, अविच्छिन्न पर्याप्तता, पारदर्शिता र व्यापकता प्रवदर्धन गर्ने,

**ग.** उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भरता र स्थायित्व हासिल गर्ने,

**घ.** उत्तरदायी शासकीय व्यवस्था र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने,

**ङ.** गाउँपालिकाभित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण र प्रवर्धन गरी आन्तरिक पर्यटन विकासमा जोड दिने,

**च.** सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने ।

**सभाध्यक्ष महोदय,**

बजेटका उद्देश्यहरु हासिल गर्न बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।

१) साझेदारीमा आधारित कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रम मार्फत स्थानीय आय आर्जनमा अभिवृद्धि,

२) आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी गुणस्तीय र प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन,

३) गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ रुपमा प्रवाह गर्न टेलिमेडिसिन लगायत आधुनिक प्रविधिको विकार र विस्तार,

४) पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रवर्द्धन,

५) विपद् जोखिम पुर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकाससँगै विपद् संवेदनशील योजना तथा पूर्वाधार निर्माण,

६) प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,

७) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलमा समन्यायिक पहुँच।

**सभाध्यक्षज्यू,**

अब म गत आ.व. २०८०।०८१ को यथार्थ, चालु आ.व. २०८१।०८२ को संशोधित अनुमान तथा आगामी आ.व. २०८२।०८३ को आय व्यय को अनुमान पेश गर्ने अनुमति चाहन्छु ।

गत वर्ष २०८०।०८१ मा ४० करोड ३६ लाख २९ हजार ३ सय ७५ रुपैंया र पैसा ६७ मात्र विनियोजन भएकोमा चालु खर्च तर्फ २१ करोड २९ लाख ९० हजार ३० रुपैंया पैसा १५ र पूँजीगत तर्फ ९ करोड २८ लाख ५२ हजार ५ सय ३५ रुपैंया पैसा ८१ गरी जम्मा खर्च ३०

करोड ५८ लाख ४२ हजार ५ सय ६५ रुपैंया पैसा ९६ मात्र खर्च भई समष्टिगत रुपमा ७५.७७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

यसै गरी चालु आ.व २०८१/०८२ को कुल बजेट रु. ४२ करोड १५ लाख २७ हजार १ सय ५३ रुपैंया मात्र संशोधित अनुमान गरिएकोमा मिति २०८२ असार ५ गते सम्ममा चालु तर्फ १९ करोड ६६ हजार ४ सय ९ रुपैंया पैसा १ र पूँजीगत तर्फ ६ करोड ७८ लाख १३ हजार ३ सय ६८ रुपैंया पैसा ५ मात्र खर्च भई जम्मा खर्च २५ करोड ७८लाख ७९ हजार ७ सय ७७ रुपैंया पैसा ६ भई समष्टिगत रुपमा ६१. १७ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

आगामी आ.व २०८२/०८३ मा जम्मा आय रु. ४४ करोड १९ हजार ४ सय १५ रुपैंया हुने अनुमान गरिएको छ।जसमा सङ्घीय सरकार तर्फ समानीकरण अनुदान ८ करोड १३ लाख, सशर्त अनुदान १५ करोड ६० लाख ५० हजार, विशेष अनुदान ७२ लाख, समपूरक अनुदान ७९ लाख, प्रदेश तर्फ समानीकरण अनुदान ७७ लाख ४६ हजार, सशर्त अनुदान १ करोड ५२ लाख ५६ हजार, विशेष अनुदान ६५ लाख, समपूरक अनुदान २ करोड ४० लाख, सङ्घीय राजस्व बाँडफाँड तर्फ ७ करोड ५७ लाख ४० हजार, प्रदेश राजस्व बाँडफाँड तर्फ २ करोड २८ लाख २६ हजार, स्थानीय राजस्व बाँडफाँड तर्फ १० लाख, आन्तरिक श्रोत तर्फ ४५ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएको छ भने ब्यय तर्फ चालु खर्च रु. २९ करोड ५ लाख ६९ हजार ४ सय १५ रुपैंया र पुँजीगत खर्च रु. १४ करोड ९४ लाख ५० हजार गरि कुल रु.४४ करोड १९ हजार ४ सय १५ रुपैंया प्रस्ताव गरेको छु।

सहयोगी हातहरुको समूह साहस नेपालबाट रु. २१ लाख ६६ हजार ९ सय ९६ रुपैंया संस्थागत साझेदारी मार्फत खर्च हुने प्रस्ताव प्राप्त भएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व २०८२।०८३ को लागि छनौट गरिएका मुख्य मुख्य योजनाहरुको विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सङ्घीय सरकार सशर्त अनुदान अन्तर्गत उत्तरगया गा.पा. १ पैतिस किलो – गोगने – तिरु सडक स्तरोन्नती कार्यका लागि रु. ४० लाख, तिरु एकीकृत बस्ती संरक्षण कार्यका लागि रु. ४० लाख, शान्तिबजार – डाँडाँ गाउँ – खडकु सडक स्तरोन्नती कार्यका लागि रु. ४० लाख, करेली खोला झोलुङ्गे पुल का लागि ६ लाख विनियोजन गरेको छु ।

सङ्घीय सरकारको विशेष अनुदान मार्फत डाँडागाउँ मा वि छात्राबास भवन निर्माण को लागि रु. ७२ लाख विनियोजन गरेको छु ।

सङ्घीय सरकार समेतको समपुरक अनुदान हुने गरी वडा नं १ र वडा नं ४ वडा भवन निर्माणको लागि रु. २ करोड ८० लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत आचार्य टोल बस्ती संरक्षणमा रु. २५ लाख विनियोजन गरेको छु ।त्यसै गरी बागमती प्रदेश सरकारसँग सशर्त अनुदान अन्तर्गत भलाया डाँडा खानेपानी निर्माण मा रु २५ लाख विनियोजन गरेको छु । त्यसै गरी बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत ओली डाँडा सिरुचेत भदौरे धार्ना सडक निमार्णमा रु ५० लाख विनियोजन गरेको छु । त्यसै गरी बागमती प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत डुम्रीबोट टर्निङ उकालफ तिवारी चौतारा सडक निर्माणमा रु २५ लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारको विशेष अनुदान मार्फत लहरेपौवा स्वास्थ्य चौकी र बोगटीटार सामुदायिक स्वास्थ्य इकाइको भवन मर्मत तथा पूर्वाधार निर्माण मा रु. ६५ लाख विनियोजन गरेको छु ।

बागमती प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान अन्तर्गत भुमेस्थान देखि देउराली डाँडा, खड्कु हुँदै घडेरीडाँडा सम्म जाने सडक स्तरोन्नति गर्न २ करोड विनियोजन गरेको छु ।त्यसै गरी बागमती प्रदेश सरकारसँग समपूरक हुने गरी पैरेवेशी - भलायडाँडा सडक स्तरोन्नति रु २ करोड विनियोजन गरेको छु।

कृषि तथा पशुपन्छी विकास उद्यमशिलता कार्यक्रमका लागि रु. ८० लाख विनियोजन गरेको छु।

आगामी आर्थिक वर्षमा गाउँपालिकाको तर्फबाट बाँडफाँड योग्य रकम रु २२ करोड ३१ लाख ६३ हजार ४ सय १५ रुपैंया मध्ये तपसिल बमोजिम रहने गरी कार्यक्रम पेश गरेको छु।

<u>तपसिल</u>

| क स | शिर्षक | रकम |
|---|---|---|
| १ | उत्तरगया गाउँपालिका तर्फ | ५ करोड ७२ लाख |
| २ | प्रशासनीक खर्च | १० करोड १७ लाख ३९ हजार ७ सय १५ |
| ३ | मर्मत कोष | ४० लाख |
| ४ | विपद् व्यवस्थाप कोष | ७५ लाख |
| ५ | उद्यम विकास विकास तर्फ | १६ लाख |
| ६ | शिक्षा, युवा तथा खेलकुद तर्फ | १ करोड ५४ लाख ५५ हजार |
| ७ | स्वास्थ्य तर्फ | १ करोड ६ लाख १४ हजार ७ सय |

| | | |
|---|---|---|
| ८ | कृषि र उद्यमशिलता कार्यक्रम तर्फ | १ करोड १० हजार |
| ९ | महिला बालवालिका तथा जेष्ठ नागरिक तर्फ | २८ लाख |
| १० | पशु सेवा तर्फ | २६ लाख १० हजार |
| ११ | न्याय सम्पादन तर्फ | ३ लाख ६ हजार |
| १२ | सहकारी तर्फ | ५ लाख |
| १३ | सूचना प्रविधि तर्फ | ३ लाख |
| १४ | प्रधामन्त्री रोजगार तर्फ | ४१ लाख २८ हजार |
| १५ | आयुर्वेद सेवा तर्फ | १२ लाख ५० हजार |
| १६ | वडा कार्यालय सञ्चालन तर्फ | २७ लाख |

**सभाध्यक्ष महोदय,**

संघीयता कार्यान्वयन पश्चात् स्थानीय सरकारको भूमिका अझ गहन हुँदै गएको छ। असीमित आवश्यकता तथा चाहनाहरुका बीचमा पनि योजना तथा बजेटको सान्दर्भिकता र औचित्यतताका आधारमा सीमित स्रोत साधनको विवेकसंगत उपयोगका माध्यमबाट विकासको प्रक्रियालाई डोऱ्याउनु पर्ने चुनौतिका बाबजुद पनि सहकार्य, समन्वय तथा साझेदारीका माध्यमबाट यस उत्तरगया गाउँपालिकाले स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाई उत्थानशील गाउँपालिकाको रुपमा विकास गर्ने मुख्य ध्येय राखेको छ । यस मूल उद्देश्य साकार पार्नका लागि सम्पूर्ण गाउँपालिकाबासी, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी, गैर-सरकारी तथा सामुदायिक संघसंस्थाहरु प्रति हार्दिक अपिल गर्दछु । यस बजेटको सफल कार्यान्वयनकका लागि सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु।

अन्त्यमा, वजेट निर्माण कार्यमा मार्ग निर्देश गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, सभा सदस्यज्यूहरु, लगायतबजेट निर्माण कार्यमा सहयोग गर्नुहुनेसम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।